# शहिद लखन गाउँपालिकाको

# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,

# २०८०

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

गण्डकी प्रदेश, नेपाल

## शहिद लखन गाउँपकालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावना :** शहिद लखन गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायिक गतिविधिलाई कानूनी दायरामा ल्याउन व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत वृद्धि गर्न, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रबर्द्धन गरी उपभोक्ता हित संरक्षण गर्न र स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडी बढाउन नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ ले स्थानीय सरकारलाई दिएको अधिकार क्षेत्र भित्र रही **शहिद लखन गाउँपकालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०८०** तयार गरी लागु गरीएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम **"शहिद लखन गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८०"** हुनेछ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क) "कार्यालय" भन्नाले शहिद लखन गाउँपालिकाको कार्यालय सम्झनुपर्छ।

ख) "वडा कार्यालय" भन्नाले शहिद लखन गाउँपालिका अन्तर्गत ९ वटै वडा कार्यालयहरु सम्झनुपर्छ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

घ) व्यवसायी भन्नाले यस शहिद लखन गाउँपालिका भित्र व्यवसाय गर्ने व्यक्ति,संस्थाहरुलाई सम्झनु पर्नेछ।

ङ) "कर" भन्नाले गाउँपालिका सँग सम्बन्धित प्रचलित ऐन र नियमवली र यो कार्यविधि बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोबार,क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप कर, दर्ता, शुल्क वा जरिवाना समेतलाई जनाउँछ ।

च) "कर अधिकृत" भन्नाले गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी प्राप्त प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने गाउँपालिकाको कर्मचारीलाई समेत जनाउँछ ।

छ) "कार्यविधि" भन्नाले शहिद लखन गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी २०८० सम्झनुपर्नेछ।

**३. क्षेत्रः** यस शहिद लखन गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ।

**४. विषय क्षेत्रः  विषय क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछः-**

क) दैनिक उपभोग्य सामाग्रीहरु खाद्यान्न थोक तथा खुद्रा पसल

ख) होटेल व्यवसाय

ग) कृषि तथा पशुपंक्षी फर्म

घ) नर्सरी फर्म

ङ) औषधी पसल/एग्रोभेट

च) मासु पसल

छ) वर्कसप

ज) जनरल स्टोर

झ) कपाल काट्ने पसल

ञ) अन्य

## परिच्छेद २

## व्यवसाय दर्ता र नविकरण सम्बन्धी व्यवस्था

**५. व्यवसयाय दर्ता .**

**१) व्यवसाय दर्ता गर्नु पर्नेः** व्यवसाय सञ्चालन गर्दा अनिवार्य रुपमा दर्ता गर्नु पर्नेछ।

**६.दर्ताका लागि आवश्यक कागजात तथा प्रमाणपत्र**

१) व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची (१) बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ।

क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

ख) व्यवसाय संचालकको पासपोर्ट साईजको २ प्रति फोटो,

ग) वडा कार्यालयको सिफारिस,

घ) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

ङ) व्यवसाय रहने स्थानको कित्ताको चारकिल्ला प्रमाणित,

च) अर्काको नाममा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मन्जुरिनामा,

छ) उद्योगको हकमा सँधियारको मन्जुरीनामा र उद्योग वाणिज्य संघको सिफारिस पत्र,

ज) संयुक्त व्यवसाय भए साझेदारहरुको नागरिकताको प्रतिलिपि र साझेदारीहरु बीचको साझेदारी सम्झौता,

झ) सर्जिमिन मुचुल्का,

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछी कार्यालयले त्यस उपर आवश्वयक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवम् अन्य दस्तुर लिई व्यवसाय दर्ता गर्नेछ।गाउँसभाले पारित गरे अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता गर्ने व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ।

३) माथि (२) बमोजिम व्यवसाय दर्ता भए पछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण व्यवासय दर्ता कितावमा उल्लेख गरी निवेदकलाई अनुसूची (२) को ढाँचामा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउने छ।

४) एकै व्यक्तिको नाममा एउटै उद्धेश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्य व्यवस्था गरेको अवस्थामा बाहेक छट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ। तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफा बाधा पुर्याएको मानिने छैन।

**७.व्यवसाय नविकरण सम्बन्धी व्यवस्था** :

१) दफा (६) बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३ महिना भित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ। व्यवसाय नविकरण लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची (१) बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु गर्नु पर्नेछ।

१. व्यवसाय दर्ता प्रमाण पत्रको सक्कल

२. व्यवसाय संचालनको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

३. मालपोत तिरेको रसिदको प्रतिलिपि

४. व्यवसाय संचालन हुने/ भएको स्थानको २ प्रति फोटो

५. स्थानीय उद्योग वाणिज्य संघको सिफारिस

६. सम्बन्धित वडा कार्यालयको सिफारिस

७. करचुक्ताको गरेको प्रतिलिपि

**८) व्यवसाय दर्ता तथा नविकरण शुल्क र पूनरावलोकन सम्बन्धी व्यवस्थाः**

१. व्यवसाय **दर्ता/नविकरण** सम्बन्धी शुल्क/दस्तुर शहिद लखन गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

२. प्रत्येक आ.व. मा व्यवसाय दर्ता/ नविकरण राजश्व शुल्क/ दस्तुर गाउँपालिकाले पुनरावलोकन गर्न सक्नेछ।

**९) दर्ता प्रमाणपत्रको प्रतिलिपि दिन सक्नेः**

व्यवसायको दर्ता प्रमाणपत्र हराएमा,च्यातिएमा, नविकरण गर्ने महलखाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यलयको अभिलेखानुसार प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सकिनेछ।

## परिच्छेद - ३

## अनुगमन तथा कारवाही

१०) **मूल्य सूची सम्बन्धी व्यवस्थाः** व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्टसँग देखिने गरी मुल्य सूची राख्रुपर्नेछ।

११) **व्यवसाय अनुगमन सम्बन्धी व्यवस्थाः**

१. यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायहरुलाई स्वस्थ,व्यवस्थित बनाउन **शहिद लखन गाउँपालिकाबाट गरिने बजार अनुगमन कार्यविधि (निर्देशिका), २०७५** बमोजिम नियमित अनुगमन गरिनेछ।

१२) **व्यवसाय दर्ता खारेज गर्न सकिनेः**

१. यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

२. यो कार्यविधि विपरितको देहायका कार्य गरेमा व्यवसायीको दर्ता खारेजी वा वन्द गर्न सकिनेछ।

क. तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा,

ख. निषेध गरिएका सामग्रीहरु बेचविखन गरेमा,

ग. कृतिम अभाव सृजना गरी कालो बजारी गरेमा,

घ. जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने गुणस्तरहिन सामग्रीहरु बेचविखन गरेमा

ङ. म्याद नाघेका  सामग्रीहरु बेचविखन गरेमा

च. चर्को मूल्यमा सामग्रीहरु बेचविखन गरेमा

छ. प्रदुषित फोहोर सामग्रीहरु बेचविखन गरेमा।

३. उपदफा १ बमोजिम व्यवसाय खारेजी वा बन्द गरिएमा सम्बन्धित व्यवसायीको नाममा गाउँपालिका क्षेत्रभित्र ३ वर्ष सम्म कुनैपनि व्यवसाय दर्ता गरी सञ्चालन गर्न नपाउने व्यवस्था गर्न सक्नेछ।

**१३. कारवाही र जरिवाना सम्बन्धी व्यवस्था/ अनुगमन सम्बन्धी व्यवस्था**

१. बजार अनुगमनको क्रममा देहायको अवस्थामा भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ।

| | |
|---|---|
| क. मुल्य सूची नराखेमा | रु ५०० |
| ख. प्रमाणपत्र नराखेमा | रु ५०० |
| ग. म्याद नाघेका सामग्री बेचविखन गरेमा | रु १५०० |
| घ. अधिकतम खुद्रा मूल्य भन्दा बढी मुल्यमा सामग्री बेचविखन गरेमा | रु ३००० |
| ङ. प्रदुषित , फोहोर सामग्री बेचविखन गरेमा | रु ५००० |
| छ. तोकिएको समयमा दर्ता/ नविकरण नगरेमा | रु १००० |
| झ. मदिरा पसलमा अन्य अन्य किराना साम्रग्री बेचेमा, | रु १०००० |

२. उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाईएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

३. व्यवसाय दर्ता/ नविकरण नगरी सञ्चालन गरेमा कारबाही हुनेः

१. प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्र भित्र संचालन गरेको पाईएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नका लागि पत्राचार गर्नु पर्नेछ।

२. उपदफा १ बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको ३५ दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधा बन्द गर्न सक्नेछ। साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा सुविधा बन्द गर्न सक्नेछ।

३. उपदफा २ बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय सञ्चालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यावसायय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

## परिच्छेद ४
## विविध

**१४. कार्यालय विवरण माग गर्न र निर्देशन दिन सक्नेः**

१) कुनै खास पेश,व्यवसाय वा व्यापारको सम्बन्धमा केही बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायको हुनेछ।

२) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ।

३) यस कार्यविधि कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ।

**१५. बाधा अड्काउ सम्बन्धी व्यवस्थाः**

१) यो कार्यविधिको कार्यान्वयलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

२) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ।

अनुसूची-१

दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा

**विषय : व्यवसाय दर्ता/नवीकरण सम्बन्धमा ।**

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न/सञ्चालन गरेको व्यबसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुको साथै गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर : ..................................................................

२. व्यबसायीको स्थायी ठेगाना ................ जिल्ला ................. गा.पा./न.पा. ...............
वडा नं. ......... मार्ग .................... घर नं. ......

३. व्यबसायीको बाबुको नाम, थर : ...............................................

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ..... मार्ग .......... घर नं. .....

५. सम्पर्क फोन नं. ............. मोबाईल नं. ............. इमेल : ................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर
........................................................

७. घर जग्गा धनीको ठेगानाः जिल्ला ..................... वडा नं................. घर नं.
..........................

८. व्यवसायको विवरण/प्रकृति : ...........................................................

९.　पूँजी लगानी रु. ...................................

१०. फर्म/कम्पनीको नामः ...................................

उक्त विवरण अनुसारको विषयमा कार्य गरी ऐन नियमअनुसार दर्ता गराई इजाजत दर्ता पाउन तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न गरीनिवेदन गरेको छु। ब्यहोरा झुट्टा ठहरेमा ऐन नियम बमोजिम सँहुला बुझाउँला।

११. संलग्न कागजातहरुः

क) व्यवसाय दर्ता प्रमाण पत्रको सक्कल,

ख) आफ्नै घर जग्गा भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ) व्यवसायीको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति,

ङ) फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र

च) आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि (कर चुक्ताको प्रमाणपत्र)।

छ. व्यवसाय दर्ता हुने जग्गाको विवरणः

गा.पा........................... वडा नं.......................... कित्ता नं.......................

क्षेत्रफल .......................

सँधियार, पूर्वः कित्ता नं......... ना.प्र.न.　　　　पश्चिम कित्ता नं........ ना.प्र.न.

उत्तरः कित्ता नं. ....... ना.प्र.न.　　　　दक्षिण कित्ता नं......... ना.प्र.न.

.................
निवेदकको नाम
दस्तखत
सम्पर्क नं.

अनुसूची-२
(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
गण्डकी प्रदेश

प्रमाणपत्र नं. .......

**व्यवसाय दर्ता प्रमाणपत्र**

मितिः:-

...........जिल्ला ........................... गाउँपालिका वडा नं...... बस्ने श्री .........................लाई शहिद लखन गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८० बमोजिम निजको नाममा निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ ।

व्यवसायको नाम : .....................................
व्यवसायीको ना. प्र.नं.: ................जारी गर्ने जिल्ला : ................ जारी मिति : ................
व्यवसाय सञ्चालन भएको वा हुने मिति : ..........................
व्यवसाय रहने स्थान :................................
बाटोको नाम :.................... घर नं. ............... टोल .....................
व्यवसाय रहने घर/जग्गाधनीको नामः ...............................................
व्यवसायको प्रकृति : ........................................................................
पूँजी लगानी (रु.मा) : ........................................
व्यबसायको वर्ग :...........
परिचय पाटीको साइज :...........................

# प्रमाण-पत्र नविकरण

| आ.व. | चालु आ.व.को रकम | | | बक्यौता रकम | छुट रकम | जरिवाना रकम | जम्मा तिर्नु पर्ने रकम | रसिद नं. | कर्मचारीको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | प.सं. | मिति | ब्यवसाय कर | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१) व्यबसायीले प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यबसाय कर उक्त आ.व. को आषाढ महिनाभित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ । गाउँ पालिकाबाट स्थलगत रुपमा व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नवीकरण गर्न सकिनेछ ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँ पालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँ पालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कर एकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी सालवसाली रुपमा कर लाग्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखु पर्नेछ । यस्तो प्रमाणपत्र गाउँ पालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्नेछ ।

५) व्यवसायिक गतिविधि सञ्चालन गर्दा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ ।

७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँ पालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँ पालिकाले जनुसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्दको कारवाही समेत गर्न सक्नेछ ।

९) यो प्रमाणपत्र गाउँ पालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ।

शहिद लखन गाउँपालिका

.......... नं. वडा कार्यालय

......................., गोरखा।

<u>ब्यवसाय कर/नविकरण सम्बन्धि ब्यक्तिगत अभिलेख</u>

क्र.सं.:- ना.प्र.नं.:-

ब्यवसायीको नाम, थर:- वडा नं.:-

स्थायी ठेगाना:- बाबुको नाम:-

मिति:- बाजेको नाम:-

ब्यवसायको नाम:- पुँजी लगानी:-

इजाजत-पत्र नं.:- फोन नं.:-

ब्यवसायको किसिम/श्रेणी:-

| आ.व. | चालु आ.व. | | बक्यौता | जरिवाना/छुट | जम्मा रकम | रसिद नं. | कर्मचारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | मिति | ब्यवसाय कर | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# शहिद लखन गाउँपालिका
## ........ नं. वडा कार्यालय
## ......................., गोरखा।
# व्यवसाय दर्ता सम्बन्धि अभिलेख

| सि.नं. | टोल | किसिम | ब्यवसायीको नाम | ब्यवसायको नाम | मिति | वार्षिक कर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |